१२५६।८६८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ३५०/०७१/०७२

निर्णय नं. ८६८

बारा जिल्ला, कलैया-१४ बस्ने मुकेश कुमार कुशवाहा........................................१ पुनरावेदक
बारा जिल्ला, कलैया-१२, रामपुर बस्ने अब्दुल आजाद अन्सारी..............................१

विरूद्ध

कार्यालय प्रमुख, श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, कलैया-१२, रामपुर......................१ विपक्षी
सूचना अधिकारी, श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, कलैया-१२, रामपुर......................१

विषय :- सूचना दिनू भनिएकोमा पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

बारा जिल्ला, कलैया-१४ बस्ने मुकेश कुमार कुशवाहा समेतले श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, कलैया-१२, रामपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।१२।१७ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको मिति २०७२।१२।२७ को पत्र मार्फत श्री नेपाल राष्ट्रिय माध्यामिक विद्यालय, कलैया-१२, रामपुरलाई सूचना उपलब्ध गराउन लेखी गएको । उक्त निवेदन पश्चात निवेदकले सूचना पाए नपाएको सम्बन्धमा कुनै पनि जानकारी प्राप्त हुन नआएको र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वयंले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७३ जेठ १८ गते रोज ३ शुभम्